# <u>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७०</u>

<u>प्रस्तावना</u> : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १३ मा संशोधन :</u>** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १३ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) भत्ता/वृत्ति/अनुदान रकम खाइपाई आएको कुनै व्यक्ति आफु बसोबास गर्दै आएको गाउँ विकास समिति वा नगरपालिकाबाट जिल्लाभित्र वा जिल्लाबाहिरको अर्को गाउँ विकास समिति वा नगरपालिकामा बसाई सरी गएमा वा आएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम भत्ता/वृत्ति/अनुदान रकम उपलब्ध गराउनु पर्नेछ :-

(क) बसाई सरी गएको प्रमाणपत्र जारी गर्ने गाउँ विकास समिति वा नगरपालिकाले बसाई सरी जाने व्यक्तिले खाइपाई आएको भत्ता/वृत्ति/अनुदानको प्रकृति, खाइपाई आएको रकम र भुक्तानी पाएको अवधि खुलाई बसाई सरी जाने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा पत्र लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी पठाउँदा सो को बोधार्थ सम्बन्धित जिल्ला विकास समितिलाई समेत दिनुपर्नेछ ।

(ख) बसाई सरी आएको प्रमाणपत्र जारी गर्ने गाउँ विकास समिति वा नगरपालिकाले बसाई सरी आएको व्यक्तिले खाइपाई आएको भत्ता/वृत्ति/अनुदानको प्रकृति, चालु आ.व. मा भुक्तानी पाउन बाँकी अवधि र रकम एकिन गरी सो को विवरण सम्बन्धित जिल्ला विकास समितिमा पठाई लगत अद्यावधिक गराउनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम गाउँ विकास समिति वा नगरपालिकाबाट लेखी आएमा जिल्ला विकास समितिले गाउँ विकास समिति वा नगरपालिकामा उपलब्ध गराएको सामाजिक सुरक्षा पेश्की रकम बचत हुने

भएमा सोही रकमबाट भत्ता/वृत्ति/अनुदान उपलब्ध गराउने र रकम नपुग हुने भएमा जिल्ला विकास समितिमा रहेको सामाजिक सुरक्षा बजेट शिर्षकमा बचत रकमबाट पेश्की उपलब्ध गराउनु पर्नेछ ।

तर भत्ता/वृत्ति/अनुदान उपलब्ध गराउन जिल्ला विकास समितिमा पर्याप्त बचत रकम नभएमा के कति रकम अपुग हुने हो सो को पुष्ट्याई सहित थप बजेट माग गरी जेठ मसान्तभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम जिल्ला विकास समितिबाट थप बजेट माग भई आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी थप बजेट उपलब्ध गराउन सक्नेछ ।"